"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इलाम

Green Ilam

पत्र संख्या:- पूर्वाधार विकाश शाखा २०७६/०७७ 
चलानी नम्वर:- २३८६

१ नं. प्रदेश, नेपाल
मिति:- २०७६/१०/०७

**विषय :- सम्झौताको लागी सम्पर्क राख्ने बारे ।**

श्री श्याम्वावा इन्टरप्राईजेज प्रा.लि.,
रामधुनीवासी न.पा. ०४, सुनसरी
(आ.प्र. श्यामसुन्दर अग्रवाल)

यस कार्यालयको वोलपत्र नं. इनपा/इलाम/क्याटलक/सामान/०८/२०७६/०७७ अनुसार यस कार्यालयबाट स्वीकृत स्पेशिफिकेसन तथा गुणस्तर अनुसारको दुई थान ट्याक्टर हाईड्रोलिक ट्रलि सहित खरीद कार्यका लागि क्याटलग विधिबाट शीलबन्दी प्रस्ताव आव्हान गरीए अनुसार यस कार्यालयमा पेश भएको शीलबन्दी प्रस्तावका कागजातको सार्वजनिक खरिद (संशोधनसहित) नियमावली, २०६४ को नियम १४७ (१) अनुसारको मूल्यांकन समितिले गरेको मूल्यांकन र सोको प्रतिवेदनका आधारमा कूल लागत मूल्य अभिबृद्धि कर समेत रु. ३८,७५,०००.०० भएकोमा सबैभन्दा कम कवोल गर्ने तपाई **श्री श्याम्वावा इन्टरप्राईजेज प्रा.लि.**, रामधुनीवासी न.पा. ०४, सुनसरी (आ.प्र. श्यामसुन्दर अग्रवाल) को **कवोल रकम रु. २७,७८,०००.०० (मूल्य अभिबृद्धि करसहित)** भएकाले मिति २०७६/०९/२९ मा प्रस्ताव स्वीकृत गर्ने आषयको सुचना प्रकाशित गर्दा निर्धारीत समयमा कसैको निवेदन दर्ता नभएकोले तपाईको क्याटलग विधिबाट खरीदको लागी पेश भएको शीलबन्दी प्रस्ताव स्वीकृत गरीएकोछ ।

सार्वजनिक खरीद (पहिलो संसोधन) ऐन २०६३ को दफा २७ (४) अनुसार तहा फर्मबाट कवोल गरीएको कवोल रकमअनुसारको कार्य सम्पादन जमानत रकम रु. **१,३९,०००.००** यस कार्यालयको धरौटी खाता नं. ०४००३०००००००३०००४३ दाखीला गरीएको सक्कल भौचर वा नेपाल सरकार बाट मान्यता प्राप्त क वर्गको वैकबाट यस कार्यालयको नाममा जारी भएको मिति २०७८/०१/२० गते सम्म म्याद भएको सक्कल कार्यसम्पादन जमानत सहित मिति २०७६/१०/२१ गते भित्रमा सम्झौताको लागी यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ । अन्यथा तपाईको बोलपत्र जमानत जफत गरी दोश्रोकम कवोल गर्ने प्रस्तावदाता सँग खरीद प्रकृया अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईएको छ ।

.................................
प्रेम कुमार गौतम
नि. प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ :
श्रीमान प्रमुखज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम ।
श्रीमान उपप्रमुखज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम ।
श्री आर्थिक प्रशासन उपशाखा, नगर कार्यपालिका कार्यालय, इलाम ।